जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १५, अङ्क-०४, २०८३ साउन २८ गते विहीबार, 13 Aug 2026, नेपाल सम्वत्-११४६ पृष्ठ-६, मूल्य रु. ५/-

मुख्यमन्त्री बानियाँले भदौ ३ गतेभित्र विश्वासको मत लिने

◯ सरिता दाहाल

मकवानपुर । अल्पमतमा परेका बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले आगामी भदौ ३ गतेभित्र संसदबाट विश्वासको मत लिने भएका छन् ।

कांग्रेस बागमती संसदीय दलको बैठकले मुख्यमन्त्री बानियाँको विश्वासको मत आगामी भदौ ३ गते भित्र लिने निर्णय गरेको हो । गत साउन ६ गते सत्ता साझेदार दल नेकपा सरकारबाट बाहिरिएपछि उनको सरकार अल्पमतमा परेको थियो ।

मुख्यमन्त्री बानियाँले आगामी भदौ ४ गते भित्र संसदबाट विश्वासको मत लिइसक्नुपर्ने संवैधानिक व्यवस्था छ । अल्पमतमा परेका उनलाई सरकार टिकाउन अन्य साना दलहरुको समर्थन आवश्यक छ । मुख्यमन्त्री बानियाँले भदौ ३ गतेभित्र विश्वासको मत लिने संसदीय दलले निर्णय गरेको हो । बैठकले विश्वासको मत लिनु एक दिन अगाडि नै हेटौंडामा उपस्थित हुन सांसदहरूलाई ह्विप जारी गरेको बताइएको छ ।

बैठकले मुख्यमन्त्री बानियाँको विश्वासको मतबारे पार्टी सभापति गगन थापा, उपसभापति विश्वप्रकाश शर्मालगायत शीर्ष तहका नेताहरुसँग छलफल गर्ने निर्णय गरेको दलका सचिव मिनकृष्ण महर्जनले जानकारी दिए । बैठकले मुख्यमन्त्री बानियाँलाई विश्वासको मत पुर्‍याउन शीर्ष नेतृत्वसहित अन्य दलका नेतृत्वसँग समन्वय तथा छलफल गर्ने समेत निर्णय गरेको महर्जनले बताए ।

एमाले बागमती सरकारबाट बाहिरिएपछी नेकपासँग मिलेर नयाँ सरकार बनाउन साझेदारी गरेको छ । उक्त अवस्थाबिच कांग्रेस साना दलको समर्थनमा सरकार टिकाउने रणनीतिमा छ । एमाले र नेकपाको सरकार गठनको अवस्था पनि साना दलको समर्थन विना सम्भव छैन ।

बागमती प्रदेश सभामा रहेका तीन तुला दल काग्रेस तथ एमाले र नेकपाको गठबन्धन तीन साना दललाई फकाउन व्यस्त छन् । ३ सिट संख्या रहेको हाम्रो नेपाल पार्टी (हानेपा) लाई मुख्यमन्त्री बानियाँले सरकारमा सहभागी गराएर विश्वासको मत लिने दाउमा लागेका छन् ।

३ सिट रहेको नेपाल मजदुर किसान पार्टी सरकार नजाने मनस्थितिमा रहेको देखिन्छ । १२ सिटको राप्रपाले सरकारमा सहभागी हुने नहुने विषयमा अहिलेसम्म आधिकारिक धारणा सार्वजनिक गरेको छैन । यस्तो अवस्था रही रहे बागमतीमा सरकार गठन थप पेचिलो बन्ने देखिन्छ ।

बागमती प्रदेश सरकार गठनमा सकस भएको छ । गत साउन ६ गते सरकारलाई दिएको समर्थन फिर्ता लिएको एमाले र नेकपा बिच प्रदेश सरकार गठन गर्न सहमति भयो । बागमतीमा सरकार गठनको नेतृत्व एमालेले गर्ने सहमती भएपनि आवश्यक बहुमत पुर्‍याउन दलहरूलाई सकस परेको छ ।

मुख्यमन्त्रीमा दाबी पेश गर्न ५३ जनाको बहुमत आवश्यक छ । एमाले र नेकपाको मात्रै सांसद संख्या ५१ पुग्छ । काँग्रेस बाहेकका राप्रपा (१२) नेपाल मजदुर किसान पार्टी (नेमकिपा ३) र हाम्रो नेपाली पार्टी (हानेपा १) लाई सरकारमा सहभागी गराउन गठवन्धन दल र काँग्रेस लागि परेको छ ।

सोही योजना अनुसार प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रीमा हानेपाका शैलेन्द्रमान बज्राचार्य नियुक्त भएका छन् । यसअघिका आफनै पार्टीको जिम्मेवारीमा रहेको भौतिक पूर्वाधार विकास मन्त्रालय बानियाले हानेपासँग साटेका हुन् । प्रदेश सरकार अल्पमतमा रहेका बेला हानेपाबाट बज्राचार्यलाई मन्त्री बनाइएपछि नेकपा र एमालेको गठबन्धनमा उक्त पार्टी सहभागी हुने छैन ।

प्रदेश सरकार गठन गर्न बहुमत नपुगेको अवस्थामा मुख्यमन्त्रीले सत्ता टिकाउने प्रयास स्वरूप बज्राचार्यलाई मन्त्री बनाएर राजनीतिक चलाखी



गरेका हुन् ।

यसअघि मुख्यमन्त्री बानियाँले प्रदेश सरकारमा देखिएको असमझदारी अन्त्य गर्न र निकासको लागि सर्वदलिय बैठक बोलाएका थिए । बैठकमा उनले कि आफूलाई विश्वास गर्न नत्र बहुमत पुर्‍याएर सरकार गठन गर्न समेत भनेका थिए ।

प्रदेश सरकार गठनको लागि एमाले र नेकपाबीचको गठबन्धनलाई प्रदेशमा दुबै दलका नेताहरूले नै अविश्वास गरिरहेका छन् । नेकपामा रहेको पूर्व समाजवादीहरूले प्रदेश सरकारको गठन गर्न प्रदेशकै अधिकार रहेकोले केन्द्रिय गठबन्धन नमान्ने बताइरहेका छन् । यद्यपी नेकपाले सरकार गठनमा सहयोग गर्ने र अन्य दललाई सरकारमा सहभागी गराउन कार्यदल नै बनाएको छ । नेकपाका संसदीय दलका नेता तथा पूर्व मुख्यमन्त्री शालिकराम जम्मकट्टेलको संयोजकत्वमा कार्यदल गठन गरेका हो ।

बागमती प्रदेश सभामा प्रतिनिधित्व गर्ने नेकपा एमाले, नेपाल कम्युनिस्ट पार्टी (नेकपा), राप्रपा, नेपाल मजदुर किसान पार्टी र हाम्रो नेपाली पार्टीलाई मुख्यमन्त्री बानियाँले समर्थन गर्न औपचारिक रूपले पत्राचार समेत गरेका छन् । यसले पनि बानियाँ सरकारबाट राजिनामा दिने मुडमा देखिदैन । हानेपालाई सरकार मा सहभागी गराएर उनले प्रदेश सभाको सामना गर्न खोजेको प्रष्ट देखिन्छ ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) अहिलेको अवस्थामा प्रदेश सरकारमा सहभागी नहुने भएको हो । राप्रपा केन्द्रीय कार्यसम्पादन समितिको बैठक प्रदेश सरकारका विषयमा छलफल भए पनि राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले त्यसलाई प्राथकिमतामा नराखेको बताइएको छ ।

'प्रदेश सरकारमा तत्काल नजाने नै कुरा भएको छ' बैठकमा सहभागी राप्रपाका एक नेताले भने 'अध्यक्षज्यूले यस्तो परिस्थतिमा राप्रपालाई सरकार मा पठाउने मन गर्नु भएको छैन ।' यसले समेत बागमती प्रदेश सरकार लाई राप्रपाले सहयोग गर्ने सम्भावना न्यून रहेको देखिन्छ ।

तर राप्रपा बागमती प्रदेशका अध्यक्ष विक्रमबहादुर थापा भने बागमती प्रदेश सरकारको नेतृत्वकर्ता दल र नयाँ गठबन्धनको तर्फबाट आधिकारिक पत्र प्राप्त नभएकोले सरकारलाई सहयोग गर्ने तथा सरकारमा जाने विषयमा राप्रपाले ठोस निर्णय नगरेको बताउँछन् ।

राप्रपा अध्यक्ष लिङ्देन प्रदेश सरकारमा जाने विषयमा सकारात्मक देखिदैनन् । राप्रपा बागमती प्रदेश सभा संसदीय दलका नेता उद्धव थापा पनि सरकारमा सहभागी हुने विषयको ठोस निर्णय नआएको बताउँछन् । आधिकारिक नआएकोले अध्यक्ष लिङ्देनले बैठकमा समेत छलफललाई प्राथमिकता नदिएको बताइएको छ ।

तर मुख्यमन्त्री बानियाँले राप्रपालाई विश्वासको मतको लागि पठाएको पत्र दलका नेता थापाकै हातमा पत्र थमाउँदा राप्रपा अध्यक्ष लिङ्देन समेत सँगै रहेको एक सांसदको दाबी छ । प्रवक्ता मोहन श्रेष्ठका अनुसार बैठकले प्रदेश सरकारबारे निर्णय गर्ने जिम्मेवारी अध्यक्ष लिङ्देनलाई दिएको छ ।

इन्साइड ---- स्टोरी

युवा समस्या होइनन्, साझेदार हुन्

विचार

✍ लोकराज अवस्थी

पेज २ मा

कर्मचारी चौध महिनादेखि तलबविहीन



पेज ३ मा

कपडा उद्योग: परीक्षण उत्पादनमै सीमित कि नियमित सञ्चालन ? कथा अब कता ?

पेज ३ मा

सरकारी स्वास्थ्य संस्थामै अत्यावश्यक खोप र औषधि अभाव



पेज ५ मा

प्रकाशक/सम्पादक :- सरिता दाहाल
मुख्य कार्यालय :- हेटौंडा-५ मकवानपुर
सम्पर्क :- ९८४५४६१३३३
इमेल :- saheekhabar333@gmail.com
कम्प्युटर सेटिङः *सहीखबर साप्ताहिक* डेक्स
हेटौंडा-५, मकवानपुर
छापाखाना :- श्रीया अपसेट प्रेस,हेटौंडा ५

सम्पादकीय

राजनीतिक दाउपेचमा

बागमती प्रदेशमा पुन: सत्ताको जोडघटाउ सुरू भएको छ। प्रमुख दल नेपाली काँग्रेस नेतृत्वको सरकार ३१ दिनदेखि अल्पमतमा परेर भदौ ४ मित्र विश्वासको मत लिनुपर्ने बाध्यता एकातिर धकेलिएको छ । अर्कोतिर नेकपा एमालेले आफ्नै संसदीय दलका नेताविरूद्ध अविश्वासको प्रस्ताव दर्ता गराएर आन्तरिक किचलो छताछुल्ल पारेको छ। साना दललाई समेट्न नसकेको आरोपमा आफ्नै नेता फाल्ने एमालेको यो कदमले प्रदेश सरकार गठनको प्रक्रियालाई झनै जटिल र अन्योलग्रस्त बनाएको छ।

संवैधानिक प्रावधान अनुसार मुख्यमन्त्रीले तोकिएको समयमित्र विश्वासको मत पाउन नसकेमा नयाँ सरकार गठनको ढोका खुल्छ। तर, अंकगणितीय जोडघटाउमा साना दलहरु निर्णायक बनेकाले उनीहरुको बार्गेनिङ र खिचातानीका कारण स्पष्ट बहुमत पुर्‍याउन निकै सास्ती हुने देखिन्छ। यस्तो निरन्तरको राजनीतिक अस्थिरताले प्रदेश व्यवस्थाकै औचित्यमाथि गम्भीर प्रश्न खडा गरेको छ। सत्ता समीकरणको खेलमै समय र स्रोत खर्चिँदा प्रदेशको बजेट कार्यान्वयन सुस्त बनेको छ भने विकासका योजनाहरु ठप्प प्राय: छन्। बारम्बार सरकार बदलिँदा प्रशासनिक संयन्त्र निष्क्रिय हुने र जनतामा चरम निराशा पैदा भई प्रदेश संरचनाप्रति नै जनविश्वास घट्दै जान्छ।

हालका मुख्यमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा तथा दुई वा सोभन्दा बढी दलको बहुमत प्राप्त व्यक्तीले मुख्यमन्त्रीका लागि दाबी पेश गर्न नसकेमा ठूलो दलको अल्पमतको सरकार कायम रहने जोखिम समेत छ । दलहरुले सत्ताको दाउपेच र आन्तरिक पदको लडाइँ छाडेर प्रदेशको स्थायित्व र जनसरोकारका विषयलाई प्राथमिकता दिनुपर्छ। साना दलको बैसाखी टेकेर क्षणिक सत्ता जोगाउने वा ढाल्ने खेलभन्दा बागमती प्रदेशलाई राजनीतिक स्थिरता दिएर कार्यकाल सफल बाटोमा लैजानु नै अहिलेको प्रमुख आवश्यकता हो, समयमै निकास दिनुपर्छ।

युवा समस्या होइनन्, सरकारका साझेदार हुन्

लोकराज अवस्थी

विकासोन्मुख होस् या विकासशील, पछिल्लो समय विश्वका सबैजसो देश द्वन्द्वको चपेटाबाट ग्रसित छन् । बदलिँदो विश्वले सिर्जना गरेका समस्या हुन् वा समाजले सिर्जना गरेका चुनौती, विश्वले नयाँ नयाँ द्वन्द्व तथा विद्रोह भोगिरहेको छ। विश्वव्यापीकरण तथा नयाँ प्रविधिका कारणले विश्वमा एकैचोटि द्वन्द्वको परिस्थिति सिर्जना भइरहेका छन् । कारण जेजस्ता भए पनि यी सबै द्वन्द्व तथा विद्रोहमा कुनै न कुनै हिसाबले युवाहरुको सहभागिता देखिन्छ । युवाले आफ्ना आवश्यकता पूर्ति गर्न वा सम्मानजनक उपस्थितिका लागि विद्रोह गर्ने गरेको पाइन्छ ।

विश्वविख्यात समाजशास्त्री गुन्नार हेइनसोहनले समाज वा देशमा हुने द्वन्द्वको मुख्य कारक तत्त्व युवालाई मानेका छन् । गुन्नारले प्रतिपादन गरेको 'युथ बल्ज' (युवा जनसंख्याको बाहुल्य) को सिद्धान्तले पनि यही तथ्यलाई पुष्टि गर्छ । उनका अनुसार जब कुनै देश वा समाजमा १५ वर्षदेखि २४ वर्ष उमेर समूहका युवाको जनसंख्या १५ देखि ३) प्रतिशत रहन्छ, त्यो अवस्थालाई 'युथ बल्ज' मानिन्छ । उनका अनुसार 'युथ बल्ज' को अवस्थामा सरकारले युवालाई रोजगारी, शिक्षा, समाजिक सुरक्षा वा नीति निर्माणमा सहभागी गराउन नसके युद्ध, द्वन्द्व र राजनीतिक विद्रोह हुने गर्छ ।

अर्का राजनीतिशास्त्री सैम्युएल पी। हन्टिङ्टनले सन् १९९६ मा प्रकाशित पुस्तक 'द क्ल्यास अफ सिभिलाइजेसन' मा युद्ध वा द्वन्द्वका कारण युवा हुने गरेको उल्लेख गरेका छन् । उनले पनि पुस्तकमा विश्वभर भएका राजनीतिक हिंसा तथा क्रान्तिमा युवा जनसंख्यालाई आधारमा मानेका छन् । उनले 'युथ बल्ज' भएका देशहरुमा हुने घटनामा युवा नै मुख्य कारक बनेको बताएका छन् ।

अमेरिका, बेलायत, फिलिपिन्स, बंगलादेश, श्रीलंका, नेपाल तथा भारतमा पछिल्लो समय भएका आन्दोलनहरु यसका उदाहरण हुन् । जेन जीका नाममा या अरु नाममा भएका विद्रोहमा युवाको नेतृत्व देखिन्छ । जहाँ ३८ वर्षभन्दा कम उमेरका व्यक्तिहरुको सहभागिता रहेको छ ।

आशालाग्दो संख्या, निराशायुक्त परिणाम

नेपालमा 'युथ बल्ज' वा युवा जनसंख्याको हिसाबले डेमोग्राफिक डिभिडेन्ड (वरदान) बन्ने कि डेमोग्राफिक डिजास्टर (अभिशाप) भन्ने बहस केन्द्रमा छ ।

जनसंख्याको हिसाबले नेपाल अहिले स्वर्णिम युगमा छ । सक्रिय जनसंख्या हुनु भनेको त्यो देशका लागि अवसर हो । तर विडम्बना, यो उमेर समूहका लाखौं युवा स्वदेशमा अवसर नपाएर वैदेशिक रोजगारी र उच्च शिक्षाका नाममा पलायन भइरहेका छन् । राष्ट्रिय जनगणना२)७८ अनुसार नेपालमा १५ देखि २४ वर्षसम्मका युवाको जनसंख्या ५७ लाख ४५ हजार रहेको छ । जुन कुल जनसंख्याको १९.७ प्रतिशत हो । यो जनसांख्यिक समूह 'युथ बल्ज' भित्र पर्छ । त्यस्तै २५ देखि ३९ वर्ष उमेर समूहको जनसंख्या २३ लाख ८५ हजार ३ सय ८५ रहेको छ । यो कुल जनसंख्याको करिब ७.८४ प्रतिशत हो । दुवै उमेर समूहलाई जोड्दा कुल जनसंख्याको २७.५४ हुन्छ । जुन निकै आशालाग्दो तथ्यांक हो । यो हरेक देश वा समाजका लागि युगमा एकचोटि आउने सुनौलो अवसर हो ।

जनसंख्याको हिसाबले नेपाल अहिले स्वर्णिम युगमा छ । सक्रिय जनसंख्या हुनु भनेको त्यो देशका लागि अवसर हो । तर विडम्बना, यो उमेर समूहका लाखौं युवा स्वदेशमा अवसर नपाएर वैदेशिक रोजगारी र उच्च शिक्षाका नाममा पलायन भइरहेका छन् । नेपाल जनसांख्यिक संक्रमणकालीन युगमा छ । युवा उमेर समूहको व्यवस्थापन गर्न नसक्दा नेपालमा विगतमा तीव्र विकासको सट्टा अस्थिरतासँगै ठूलो समस्या निम्तिएका प्रशस्त उदाहरण छन् । युवालाई सरकारले उचित स्थान दिन नसके वा उनीहरुलाई रोजगारी, शिक्षा तथा सहभागिताको अवसर प्रदान गर्न नसके जनसांख्यिक संक्रमणकालले अर्को विद्रोह निम्त्याउने जोखिम र हुन्छ ।

बढ्दो बेरोजगारी, घट्दो रोजगारी

विश्व बैंक तथा अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) का अनुसार नेपालमा पूर्ण बेरोजगारी दर लगभग १०.५ प्रतिशतभन्दा बढी रहेको छ । अझ डरलाग्दो तथ्यांक त के भने १५ देखि २४ वर्ष उमेर समूहमा बेरोजगारी दर ३०.५ प्रतिशत रहेको छ । जुन निकै चिन्ताको विषय हो । अझ अर्धबेरोजगारसहित जोड्दा ३९ प्रतिशत हुन आउँछ । यसले नेपालमा विश्वकै बढी बेरोजगार रहेको दर्शाउँछ । यदि सरकारले युवालाई सम्बोधन गर्न नसके ठूलो निराशा ल्याउँछ । जसले घरपरिवार, समाज वा देशप्रतिको जिम्मेवारीबाट विमुख गराउनेछ ।

वैदेशिक रोजगार विभागका अनुसार नेपालबाट रोजगारीका लागि दैनिक करिब ३ हजार श्रमिक विश्व बजारमा प्रवेश गर्छन् । आर्थिक वर्ष २०८०/८१ मा मात्र ७ लाख ४१ हजार युवा श्रम स्वीकृति लिएर देशबाट बाहिरिएका छन् । जसमा भारत जाने युवा तथ्यांक जोडिएको छैन । यो तथ्यांकले नेपालमा बेरोजगारको अवस्था कति भयावह र डरलाग्दो छ भनेर पुष्टि गर्छ । यो तथ्यांक मात्र होइन, नेपाली युवालाई सरकार कसरी सम्बोधन गर्नबाट चुकिरहेको छ भन्ने प्रमाणसमेत हो ।

डरलाग्दो युवा नैराश्यता

नेपाली युवा भविष्यप्रति आशावादीभन्दा बढी चिन्तित छन् । रोजगारीको अभाव, सामाजिक सुरक्षाको कमी, मानसिक तनाव तथा भविष्यप्रतिको निराशा आमनेपालीका साझा समस्या बनिरहेका छन् । विभिन्न तथ्यांकअनुसार नेपालमा हरेक दिन लगभग ३० जनाले आत्महत्या गर्ने गरेको पाइन्छ । यो निकै डरलाग्दो तथ्यांक हो । विश्व स्वास्थ्य संगठन तथा स्वास्थ्य मन्त्रालयका अनुसार १५ वर्षदेखि २९ वर्ष उमेर समूहका युवाहरुको अकाल मृत्युको कारण नै आत्महत्या बनिरहेको छ ।

क्षमता र प्रतिभा भएका युवाले समेत राज्यको मूलधारमा प्रवेश पाउन कठिन छ । उद्यमशीलतामा प्रशासनिक झन्झट, स्वरोजगार का लागि बैंकको कर्जामा कठिन र पुँजी अभावले स्वदेशमै काम गर्न पाउँदैनन् । राजनीतिक अस्थिरता, भ्रष्टाचार, नातावाद र सुशासनको अभावका कारण युवाहरुमा राज्यप्रतिको विश्वास गुम्दै गइरहेको छ । स्नातक वा स्नातकोत्तर तह पूरा गरेका युवाहरुमा पनि नेपालमा भविष्य छैन भन्ने मनोविज्ञान छ । परिणामत: दैनिक हजारौं युवा विदेशिनु राज्यप्रतिको मौन विद्रोह र नैराश्यताको उपज हो ।

आगामी बाटो

मानव स्रोतका हिसाबले नेपाल इतिहासकै समृद्ध अवस्थामा छ । यो सुवर्ण अवसर अहिले उपयोग भएन भने सधैंका लागि गुम्नेछ । यसलाई सम्बोधन गर्न युवालाई पुँजीका रुपमा लिएर उचित व्यवस्थापन गर्नेतिर अग्रसर हुनुपर्छ । युवाका लागि स्वदेशमै रोजगारी सिर्जना स्पष्ट नीति, योजना तथा कार्यक्रम ल्याइनुपर्छ । युवा बाहुल्य भएको अहिलेको सरकारले पनि युवाका समस्या सम्बोधन गर्न नसके अझ दशकौंसम्म देश अस्थिरतामा रहन्छ । त्यसकारण वर्तमान सरकारले राज्यको स्रोत साधनको उचित वितरण, योजना तर्जुमा र युवालाई उचित स्थान उपलब्ध गराउनुपर्छ । सँगसँगै स्रोत परिचालन, ऊर्जाको प्रभावकारिता, दिगो पूर्वाधार निर्माण र न्यूनतम सेवामा युवाको सहज पहुँच बढाउनुपर्छ ।

नेपालको भविष्य युवा पुस्तामाथि निर्भर छ । यो ऊर्जा, क्षमता र आकांक्षालाई बेवास्ता गरियो भने 'युथ बल्ज' सिद्धान्तले संकेत गरेझैं सामाजिक असन्तुष्टि, पलायन र अस्थिरताको जोखिम बढ्छ । त्यसैले आजको आवश्यकता भनेको युवालाई समस्या होइन, वर्तमानका साझेदारका रुपमा स्वीकार गर्दै उनीहरुको क्षमता विकास र अर्थपूर्ण सहभागितामा दीर्घकालीन लगानी गर्नु हो । नेपालले 'युथ बल्ज' बाट लाभांश लिन सकिरहेको छैन । यस्ता युवालाई राष्ट्र निर्माण गर्ने सुनौलो अवसरतिर लैजान सके देशले काँचुली फेर्नेछ । नभए नेपाली युवा फेरि अर्को विद्रोहका लागि तयार हुनेछन् ।

लोकराज अवस्थी युवा तथा विकासका विषयमा अध्ययन अनुसन्धान गर्छन्। *इकान्तिपुरबाट*

सहीखबर

समाचार/विविध

www.saheekhabar.com

२०८३ साउन २८ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०

हेटौँडा सिमेन्टका कर्मचारी चौध महिनादेखि तलबविहीन



○ सहीखबर संवाददाता

मकवानपुर । हेटौँडा सिमेन्ट उद्योगका कर्मचारीले १४ महिनादेखि तलब पाएका छैनन् । उद्योग लामो समयदेखि बन्द रहेकाले कर्मचारीले नियमित पारिश्रमिकसँगै सञ्चय कोष, नागरिक लगानी कोष, बिमा तथा अवकाशपछिको उपदानसमेत पाउन सकेका छैनन् ।

उद्योग प्रशासनका अनुसार स्थायी कर्मचारीको तलब तथा सुविधाबापत मात्रै १२ करोड ३० लाख रुपियाँ भुक्तानी गर्न बाँकी छ । त्यसबाहेक विभिन्न श्रम तथा कर्मचारीसम्बन्धी शीर्षकमा उद्योगको दायित्व करोडौँ रुपियाँ पुगेको छ ।

उद्योगले उपलब्ध गराएको विवरण अनुसार दक्ष तथा अदक्ष श्रमिकको ज्यालाबापत एक करोड ५३ लाख २१५ रुपियाँ, सुरक्षा सेवाबापत एक करोड ८४ लाख २५ हजार रुपियाँ र अतिरिक्त कार्य समयबापत ७२ लाख ४८ हजार ७२० रुपियाँ भुक्तानी हुन बाँकी छ ।

त्यस्तै सामूहिक सावधिक जीवन बिमाबापत एक करोड ८६ लाख, सञ्चय कोष कट्टी दायित्व एक करोड ७२ लाख ९३ हजार, नागरिक लगानी कोष ३७ लाख ५३ हजार, अवकाशप्राप्त कर्मचारीको उपदान चार करोड ९० लाख र तलब कट्टी दायित्व ६३ लाख २५ हजार रुपियाँ रहेको उद्योगले जनाएको छ ।

लामो समयदेखि तलब नपाउँदा कर्मचारीको दैनिक जीवन प्रभावित भएको छ । उद्योगमा कार्यरत कुमदेश झाले परिवारको खर्च धान्न समस्या भएको बताउनुभयो । २०७१ सालमा लोक सेवा आयोगको खुला प्रतिस्पर्धाबाट पाँचौँ तहमा नियुक्त भएर उद्योग प्रवेश गर्नुभएका झाका लागि स्थायी सरकारी जागिर परिवारको आर्थिक सुरक्षाको आधार बनेको थियो । अहिले भने नियमित आम्दानी बन्द भएपछि ऋणको किस्तासमेत तिर्न समस्या भएको उहाँले बताउनुभयो ।

उद्योगका ४२ वर्षीय कर्मचारी दीपेन्द्र कुमार ठाकुरको समस्या पनि उस्तै छ । दुई सन्तानका पिता ठाकुरले तलब नआएपछि छोराछोरीको विद्यालय खर्च जुटाउनसमेत समस्या भएको बताउनुभयो ।

"विद्यालयले मेरो तलब रोकिएको कुरा कहिलेसम्म बुझ्छ ? मेरो बुवाआमाको शरीरले मेरो खल्ती रित्तो भएको कुरा कसरी थाहा पाउँछ ? मेरो बिचल्ली भयो । कि हाम्रो उचित व्यवस्थापन गरियोस् । यहाँ हाजिरी लगाएर मात्र म के गरुँ ?" उहाँले भन्नुभयो ।

तलबलगायत सुविधा उपलब्ध गराउन माग गर्दै कर्मचारीले जिल्ला प्रशासन कार्यालय, कर्मचारी व्यवस्थापन शाखा र सम्बन्धित निकायमा पटक पटक ध्यानाकर्षण गराएका छन् । समस्या समाधानका लागि ठोस निर्णय नभएको कर्मचारीको गुनासो छ ।

उद्योगका निमित्त महाप्रबन्धक भक्तिराम श्रेष्ठका अनुसार उद्योग करिब तीन वर्षदेखि सञ्चालनमा छैन । पछिल्लो समय चालु पुँजीको अभावमा उद्योग पूर्ण रूपमा बन्द भएको उहाँले बताउनुभयो ।

"कोइला र जिप्सम ढुङ्गा खरिद गर्न आवश्यक रकम छैन । नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र अर्थ मन्त्रालयसँग कर्जा सुविधाका लागि पटक पटक अनुरोध गरेका छौँ तर ठोस निर्णय भएको छैन," उहाँले भन्नुभयो ।

तेस्रो मुलुकमा हुने औद्योगिक निर्यात घट्यो

○ सहीखबर संवाददाता

मकवानपुर । मकवानपुरबाट भारतसहित तेस्रो मुलुकमा हुने औद्योगिक वस्तुको निर्यात गत आर्थिक वर्ष घटेको छ । आव २०८२/८३ मा यहाँका उद्योगले ६५ करोड ८९ लाख रूपियाँ बराबरका वस्तु विदेश निर्यात गरेका छन् । मकवानपुर उद्योग वाणिज्य स· र उद्योग परिस· बागमती प्रदेशको तथ्याङ्क अनुसार गत वर्ष छ वटा उद्योगले उक्त मूल्य बराबरका वस्तु निर्यात गरेका हुन् । अघिल्लो आव २०८१/८२ मा आठ वटा उद्योगले ६६ करोड ६४ लाख रूपियाँ बराबरका वस्तु निर्यात गरेका थिए । दुई उद्योगको निर्यात शून्य भएपछि समग्र निर्यातमा सामान्य गिरावट आएको हो ।

भारत तथा तेस्रो मुलुकमा निर्यात हुने वस्तुको उत्पत्तिको प्रमाणपत्र जारी गर्ने दुवै निकायको तथ्याङ्क अनुसार प्याक्ट ग्रुप क्लोजर सिस्टम नेपाल प्रालि र हिमालय कत्था उद्योग प्रमुख निर्यातकर्ता हुन् । उद्योग परिस· बागमती प्रदेशबाट यी दुई उद्योगले गत आवमा ४८ करोड ६८ लाख रूपियाँ बराबरका वस्तु निर्यातका लागि निकासी प्रमाणपत्र लिएका थिए ।

मकवानपुर उद्योग वाणिज्य स·का अनुसार प्याक्ट ग्रुप क्लोजर सिस्टम नेपाल प्रालिले छ करोड ३६ लाख र हिमालय कत्था उद्योगले तीन करोड ४३ लाख रूपियाँ बराबरका वस्तु निर्यातका लागि उत्पत्तिको प्रमाणपत्र लिएका छन् । प्याक्ट ग्रुपले बहुराष्ट्रिय पेय पदार्थ उद्योगका लागि बिर्को उत्पादन गरी भारत निर्यात गर्दै आएको छ भने हिमालय कत्था उद्योगले मसलाजन्य सामग्री निर्यात गर्दै आएको छ ।

स्थानीय जडीबुटी प्रयोग गरी क्यान्सरसम्बन्धी औषधी उत्पादन गर्ने इभान्स लाइफ साइन्सेस प्रालिको निर्यात भने उल्लेख्य बढेको छ । मकवानपुर उद्योग वाणिज्य स·का कार्यकारी सचिव पवन कार्कीका अनुसार उक्त उद्योगले आव २०८१/८२ मा तीन करोड ५९ लाख रूपियाँ बराबरको औषधी



निर्यात गरेकामा गत आवमा छ करोड ३५ लाख रूपियाँ बराबरको उत्पादन विदेश पठाएको छ ।

यसै गरी ट्रान्सफर्मर उत्पादन गरी भारतलगायत मुलुकमा निर्यात गर्दै आएको नेपाल इकरात इन्जिनियरिङ प्रालिको निर्यातमा तुलो गिरावट आएको छ । अघिल्लो आव चार करोड पाँच लाख रूपियाँ बराबरको ट्रान्सफर्मर निर्यात गरेको उक्त उद्योगले गत वर्ष ११ लाख २३ हजार रूपियाँ बराबरको मात्र निर्यात गरेको स·ले जनाएको छ । दुई वर्षअघि निर्यात सुरू गरेको सिद्धिश्री इन्डस्ट्रिज प्रालिले गत वर्ष ७३ लाख रूपियाँ बराबरका सामग्री निर्यात गरेको छ । अघिल्लो वर्ष उक्त उद्योगको निर्यात ४० लाख रूपियाँ बराबरको थियो । सिक्स मिल्ला प्रालिले पनि २२ लाख रूपियाँ बराबरका सामग्री विदेश निर्यात गरेको तथ्याङ्कमा उल्लेख छ ।

यसैबिच रिद्धिसिद्धि सिमेन्ट उद्योग र युनिलिभर नेपालको निर्यात गत वर्ष शून्य भएको छ । प्लास्टिकका बोरा उत्पादन गर्ने गोदावरी पोलिप्याक्स एन्ड फेब्रिक प्रालिको निर्यात पनि पछिल्ला तीन वर्षदेखि शून्य रहेको छ । मकवानपुरबाट एक दशकअघिसम्म ऋसरजन्य सामग्री, जडीबुटी, अदुवा र लसुनलगायत वस्तु अर्बौं रूपियाँ बराबर निर्यात हुने गरेको थियो । ऋसरजन्य सामग्रीको निर्यात बन्द हुनु तथा कतिपय बहुराष्ट्रिय उद्योगले उत्पादन नेपालमै सीमित गरेपछि जिल्लाको निर्यात व्यापार खुम्चिएको हो ।

पहिले निर्यात गर्ने कोलगेट पाल्मोलाइभ नेपाल, एभरेस्ट मिनरल प्रोडक्ट, मकवानपुर इन्जिनियरिङ, एभरेस्ट पोलिमर्स, एभरेस्ट मिनाइल, रिज्वाइन क्वालिटी फुड र एसियन लेदर आदर्स एन्ड ठानिङलगायत उद्योग बन्द भइसकेका छन् । एसियन पेन्ट्स र एन्टार्टिक बिस्कुट जस्ता बहुराष्ट्रिय उद्योगले पनि लामो समयदेखि निर्यात बन्द गरेका छन् ।

उद्योग परिसंघ बागमती प्रदेशका उपाध्यक्ष स्वागतराज प्याकुरेलले नेपाली उद्योगको प्रतिस्पर्धात्मक क्षमता कमजोर हुँदा निर्यातमुखी उद्योग विस्तार हुन नसकेको बताउनुभयो । वित्तीय शुल्क, बैङ्क ऋणको ब्याजदर, पूर्वाधार तथा ढुवानी लागत बढी हुँदा नेपाली उत्पादन महँगो पर्ने उहाँको भनाइ छ । समुद्री बन्दरगाहको पहुँच नहुँदा मात्रै ढुवानी लागत करिब ३० प्रतिशतसम्म बढी पर्ने उहाँले बताउनुभयो ।

मध्यपूर्वमा जारी युद्धले समेत अन्तर्राष्ट्रिय व्यापार र औद्योगिक क्षेत्रमा असर पारेको उहाँले बताउनुभयो । निजी क्षेत्रमा लगानीको उत्साह घटेका कारण निर्यातमुखी उद्योग विस्तार हुन नसकेको भन्दै उहाँले कच्चा पदार्थ, ढुवानी, विद्युत्, पानी र बैङ्क ब्याजदरमा सहुलियत दिएर सरकारले निर्यात प्रवर्धन गर्नुपर्ने बताउनुभयो । मकवानपुरमा घरेलु उद्योगबाहेक सानाठुला गरी करिब तीन सय उद्योग सञ्चालनमा रहेको उद्योग परिस· बागमती प्रदेशले जनाएको छ ।

● समयमा कर तिरौं, ● पानी खेर नफालौ,
● वातावरणीय सरसफाइमा ध्यान दिऔं,
● हरियाली प्रवर्द्धन गरौं,
● सवारी चलाउँदा मोवाइलको प्रयोग नगरौ,
● बाटो काट्दा पैदलयात्रुलाई प्राथमिकता दिने गरौं ।

लोकहितको लागि सहीखबर

कपडा उद्योग : परीक्षण उत्पादनमै सीमित कि नियमित सञ्चालन ?



मकवानपुर । वर्षौंदेखि बन्द रहेको हेटौंडा कपडा उद्योगमा फेरि कपडा बुन्ने तान (लुम) चल्न थालेका छन् । लामो समयदेखि थन्किएका मेसिन मर्मत गरी उद्योग परिसरमा फेरि तानको 'खद्खद्' आवाज सुनिन थालेको छ भने परीक्षण उत्पादनसमेत सुरू भएको छ । यसले बन्द उद्योग पुन: सञ्चालन हुने आशा जगाए पनि आम नागरिकको मनमा एउटा गम्भीर प्रश्न भने उब्जिएको छ । हेटौंडा कपडा उद्योग परीक्षण उत्पादन गरेर फेरि थन्किने हो कि अब नियमित रुपमा सञ्चालनमा आउने हो ?

नेपाली सेनाको नेतृत्वमा उद्योगमित्र रहेका पुराना मेसिन तथा तानहरुको मर्मतसम्भार गरी परीक्षण उत्पादन सुरू गरिएको प्रधानमन्त्री बालेन्द्र शाहका निजी सचिव प्रदीप परियारले सामाजकि संजालमामार्फत जानकारी दिएका छन् ।

प्रधानमन्त्री शाहले उद्योग पुन: सञ्चालनका लागि परीक्षण उत्पादनको जिम्मेवारी नेपाली सेनालाई दिइएको र परीक्षणपछि सरकारले नै उद्योग सञ्चालन गर्ने तयारी गरेको बताएका छन् । मेसिन तथा तान मर्मतपछि परीक्षण उत्पादन सुरू भई केही मात्रामा कपडा उत्पादनसमेत सुरू भएको उनको भनाइ छ ।तर, परीक्षण उत्पादन सुरू हुनु र उद्योग नियमित रुपमा सञ्चालन हुनु एउटै कुरा होइन । यही विषय अहिले हेटौंडाका नागरि कदेखि उद्योग क्षेत्रका जानकारसम्मको चासोको विषय बनेको छ ।

हरेक सरकारको आश्वासन, उद्योग भने बन्द नै

हेटौंडा कपडा उद्योग पुन: सञ्चालन गर्ने घोषणा नयाँ होइन । यसअघि बनेका सरकारका उद्योगमन्त्रीदेखि प्रधानमन्त्रीसम्मले पटक,पटक उद्योगको निरीक्षण गरेका छन् । उद्योगको अवस्था हेरेका छन्, मेसिन चलाउने आश्वासन दिएका छन् र पुन: सञ्चालन गर्ने घोषणा पनि गरेका छन् । तर, घोषणा र निरीक्षणको लामो शृंखलाबीच उद्योग भने वर्षौसम्म बन्द नै रह्यो ।

बन्द अवस्थाको उद्योगमा मेसिन चलाएर परीक्षण उत्पादन गरिएको यो पहिलोपटक पनि होइन । विगतमा पनि उद्योग सञ्चालनको सम्भाव्यता अध्ययन, मेसिन परीक्षण तथा विभिन्न सरकारी घोषणा भएका थिए । तर, परीक्षणपछि नियमित उत्पादनमा लैजाने ठोस योजना कार्यान्वयन हुन सकेन ।

यसपटक भने सरकारले परीक्षण उत्पादनपछि उद्योगलाई नियमित रुपमा सञ्चालन गर्ने दाबी गरेको छ । त्यसैले अहिलेको मुख्य प्रश्न पनि यही हो । के यसपटक सरकार विगतभन्दा फरक योजना र तयारीका साथ आएको छ ?

सामान्य मर्मतले चल्छ त उद्योग ?

लामो समयदेखि बन्द रहेका पुराना मेसिन र तान मर्मत गरेर परीक्षण उत्पादन सुरू गर्नु सकारात्मक सुरूवात हो । तर, यसलाई नै उद्योग पुन: सञ्चालनको अन्तिम उपलब्धि मान्न सकिँदैन ।

वर्षौसम्म बन्द रहेको उद्योगका मेसिन, विद्युत् प्रणाली, भवन तथा अन्य भौतिक संरचना जीर्ण अवस्थामा छन् । उद्योगलाई नियमित उत्पादनमा लैजान पुराना मेसिनको मर्मत मात्र पर्याप्त हुँदैन । आधुनिक प्रविधि, उत्पादन क्षमता, ऊर्जा, जनशक्ति, कच्चा पदार्थ, व्यवस्थापन, बजार र वित्तीय स्रोतको दीर्घकालीन योजना आवश्यक पर्छ । सामान्य मर्मत गरेर तान चलाउनु दूलो कुरा होइन, ती तानलाई वर्षौसम्म नियमित रुपमा चलाइराख्नु नै वास्तविक चुनौती हो ।

कपास कहाँबाट ल्याउने ?

सरकारले हेटौंडा कपडा उद्योग सञ्चालन गर्ने योजना बनाइरहँदा अर्को महत्वपूर्ण प्रश्न कच्चा पदार्थको हो । उद्योगलाई नियमित सञ्चालन गर्न कपास र धागोको आपूर्ति सुनिश्चित गर्नुपर्ने हुन्छ ।

सरकारले कपडा उद्योगसँगै कपास खेती र बुटवल धागो कारखानालाई समेत अघि बढाउने बताउँदै आएको छ । तर, कपडा उद्योग सञ्चालनको तत्कालीन आवश्यकता पूरा गर्न कच्चा पदार्थको भरपर्दो स्रोत कपास कहाँबाट ल्याउने भन्ने विषय स्पष्ट हुन आवश्यक छ ।

कपास उत्पादन, धागो उत्पादन र कपडा उत्पादनलाई एउटै आपूर्ति शृंखलामा जोड्न नसके हेटौंडा कपडा उद्योग फेरि कच्चा पदार्थको अभावमा थन्किने जोखिम रहन्छ ।

अर्को चुनौती बजारको हो । आज नेपाली बजारमा चिनियाँलगायत विदेशी कपडाको ठूलो हिस्सा छ । सस्तो मूल्यमा बजारमा उपलब्ध हुने विदेशी कपडासँग हेटौंडा कपडा उद्योगले कसरी प्रतिस्पर्धा गर्छ भन्ने प्रश्न महत्वपूर्ण छ ।

सरकारी लगानीमा उद्योग सञ्चालन गर्नु मात्र पर्याप्त हुँदैन । उद्योगले उत्पादन गरेको कपडा बजारमा बिक्रीमा हुन सक्ने, उत्पादन लागत प्रतिस्पर्धी हुने र उपभोक्ताले निजी क्षेत्र तथा आयातित कपडाभन्दा नेपाली उत्पादन रोज्ने वातावरण निर्माण गर्नुपर्छ ।

पुरानो प्रविधिबाट महँगो लागतमा उत्पादन गरिएको कपडाले बजारमा प्रतिस्पर्धा गर्न नसके उद्योग फेरि घाटामा जाने सम्भावना रहन्छ । त्यसैले सरकारले परीक्षण उत्पादनसँगै 'कसरी उत्पादन गर्ने ? कसरी बेच्ने ? र कसरी नाफामा लैजाने ?' भन्ने प्रश्नको उत्तरसमेत खोज्नुपर्ने देखिन्छ ।

करोडको होइन, अर्बको तयारी आवश्यक

विगतका अध्ययनहरुले उद्योग पुन: सञ्चालनका लागि करोडौं रूपैयाँ खर्च आवश्यक पर्ने देखाएका थिए ।

२०७९ सालतिर गरिएको अध्ययनमा उद्योग सञ्चालन गर्न करिब ३० करोड रूपैयाँ खर्च आवश्यक पर्ने र विभिन्न मोडालिटीबाट सञ्चालन गर्न सकिने सुझाव दिइएको थियो ।

तर, अहिलेको अवस्थामा पुराना मेसिन, संरचना, प्रविधि र उत्पादन प्रणालीलाई आधुनिक बनाउन आवश्यक पर्ने लगानी विगतको अनुमानभन्दा धेरै हुन सक्छ । नियमित उत्पादन, आधुनिक प्रविधि, ऊर्जा प्रणाली, जनशक्ति, कच्चा पदार्थ, व्यवस्थापन र बजार विस्तारलाई समेत जोड्दा सरकारले करोडमा होइन, अर्ब रूपैयाँको दीर्घकालीन लगानी योजना बनाउनुपर्ने अवस्था देखिन्छ ।

त्यसैले केही मेसिन मर्मत गरेर कपडा उत्पादन सुरू हुँदैमा उद्योग पूर्ण रुपमा पुनर्जीवित भयो भन्न सकिँदैन ।

२०३२ मा स्थापना, २०५७ देखि बन्द

चिनियाँ सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा २०३२ सालमा स्थापना भएको हेटौंडा कपडा उद्योगले २०३५ सालदेखि व्यावसायिक उत्पादन सुरू गरेको थियो । तर, लामो समय सञ्चालनमा रहन नसकेपछि २०५७ सालदेखि उद्योग बन्द अवस्थामा छ ।

उद्योग पुन: सञ्चालनका लागि त्यसयता पटक पटक प्रयास भएका छन् । २०७३ सालमा पुन: सञ्चालनबारे विस्तृत अध्ययन गर्न समिति गठन गरिएको थियो भने २०७५ सालमा उद्योग सञ्चालन गर्न सकिने निष्कर्षसहितको अध्ययन प्रतिवेदन तयार गरिएको थियो ।

२०७५ सालमै नेपाली सेनालाई समेत संलग्न गराएर उद्योग पुन:सञ्चालनको सम्भाव्यता अध्ययन गरिएको थियो । पछिल्लो पटक आर्थिक वर्ष २०८१।८२ को बजेटमा समेत हेटौंडा कपडा उद्योगलाई सार्वजनिक, निजी साझेदारीमा सञ्चालनमा ल्याउने घोषणा गरिएको थियो ।

सरकारले गत असार १८ गते हेटौंडा कपडा उद्योग पुन: सञ्चालन गर्ने निर्णय गरेपछि परीक्षण उत्पादनको प्रक्रिया अघि बढेको हो ।

उद्योगमन्त्री गौरीकुमारी यादव रूञ्ण उद्योगमध्ये हेटौंडा कपडा उद्योगलाई प्राथमिकतामा राखेर सञ्चालनमा ल्याउने तथा बुटवल धागो कारखाना र कपास खेतीलाई समेत अघि बढाउने सरकारको योजना रहेको बताउनुभ्नि ।

सरकारको यो योजनाले हेटौंडा कपडा उद्योगलाई छुट्टै उद्योगका रुपमा मात्र नभई कपासदेखि धागो र धागोदेखि कपडासम्मको उत्पादन शृंखलाका रुपमा विकास गर्ने संकेत गरेको छ । तर, यो योजना कागजमा सीमित नरही व्यवहारमा कार्यान्वयन गर्न सक्नु नै सरकारका लागि मुख्य चुनौती हुनेछ ।

दुई दशकभन्दा बढी समयदेखि बन्द रहेको उद्योगमा तान चल्नु हेटौंडाका लागि निश्चित रुपमा आशाको विषय हो । बन्द उद्योगको गेट खुल्नु र मेसिनको आवाज सुनिनु आफैंमा सकारात्मक सुरूवात हो । तर, तान एक दिन चल्नु र उद्योग वर्षौसम्म चलिरहनुबीच ठूलो अन्तर छ ।

सरकारले अब परीक्षण उत्पादनको प्रचारमा मात्र सीमित नभई उद्योगको दीर्घकालीन सञ्चालनको स्पष्ट खाका सार्वजनिक गर्न आवश्यक छ । कति लगानी गर्ने, कुन प्रविधि प्रयोग गर्ने, कति जनशक्ति आवश्यक पर्ने, कपास र धागो कहाँबाट ल्याउने, कति उत्पादन गर्ने, उत्पादन लागत कति पर्ने र बजार कसरी सुनिश्चित गर्ने भन्ने प्रश्नको जवाफ सरकारले दिनुपर्ने देखिन्छ ।

नत्र विगतमा जस्तै एउटा सरकारले उद्योगको निरीक्षण गर्ने, अर्को सरकारले सञ्चालनको घोषणा गर्ने र केही समयपछि फेरि उद्योगको गेटमा ताला लाग्ने अवस्था दोहोरिन सक्छ ।

हेटौंडा कपडा उद्योगमा तानको 'खद्खद्' आवाज फेरि सुनिनु मात्रै मकवानपुरवासीको अपेक्षा होइन ।यो आवाज निरन्तर सुनियोस् । परीक्षण उत्पादनमा होइन, नियमित उत्पादनमै उद्योगको भविष्य तय होस् ।

सरकारी स्वास्थ्य संस्थामै अत्यावश्यक खोप र औषधि अभाव

अर्जुन पौडेल

सरकारले लामो समयसम्म खरिद प्रक्रिया अघि नबढाउँदा सरकारी स्वास्थ्य संस्थामा अत्यावश्यक खोप, औषधि र स्वास्थ्य सामग्रीको चरम अभाव देखिएको छ । औषधि नभएकै कारण सर्पले टोकेका बिरामीको ज्यानसमेत जोखिममा परेको छ । गर्भवती, सुत्केरी तथा किशोरीका लागि रक्तअल्पता कम गर्न दिइने अत्यावश्यक आइरन चक्कीसमेत महिनौंदेखि सरकारी स्वास्थ्य संस्थाहरुमा छैनन् ।

यसअघि महिनौंसम्म देशव्यापी रुपमै अभाव रहेको रेबिजविरूद्धको खोप गत साताको अन्त्यतिर मात्र आपूर्ति गरिएको छ । बागमती प्रदेशका अधिकांश सरकारी स्वास्थ्य संस्थामा सर्पदंशका औषधि र आइरन चक्की नभएको महिनौं बितिसकेको छ । केन्द्र सरकारले आपूर्ति गर्न नसकेपछि अन्य प्रदेश सरकार र स्थानीय तहले आफैं खरिद गरेर आइरन चक्की बाँडे पनि पर्याप्त रुपमा उपलब्ध गराउन नसकिएको उनीहरुको भनाइ छ । सर्पदंशको औषधिको अभाव भने सबै प्रदेशमा छ ।

जापानी इन्सेफ्लाइटिसको संक्रमण बढ्दो छ । जापानी इन्सफ्लाइटिसबाट एक महिना अवधिमा ९ जनाको ज्यान गइसकेको छ भने अन्य ३७ जना संक्रमित छन् । गत वर्ष पनि यो रोगले ४१ जनाको ज्यान लिएको थियो, अन्य १ सय ३७ जना संक्रमित भएका थिए । कीटजन्य रोगमध्ये जापानी इन्सेफ्लाइटिसले सबैभन्दा बढी मृत्यु गराउँछ भने यसले दीर्घकालीन स्वास्थ्यमा समेत असर गर्छ ।

विश्व स्वास्थ्य संगठनका अनुसार जापानी इन्सेफ्लाइटिसबाट गम्भीर बिरामी भएकामध्ये करिब एकतिहाइको मृत्यु हुन्छ भने बाँच्नेहरुमध्ये आधामा जीवनभर रहने गम्भीर अपांगता हुन सक्छ । सबै नागरिकलाई एक डोज मात्र भए पनि खोप लगाउन सकिए मृत्यु तथा संक्रमण रोक्न सकिने विज्ञहरु बताउँछन्, तर सबै नागरिकलाई लगाउन सरकारसँग खोप छैन, न त सबै नागरिकलाई खोप लगाउने बजेट नै छुट्याइएको छ ।

गत साता भक्तपुर अस्पताल र नुवाकोटको त्रिशूली अस्पतालका अधिकारीहरुले आइरन चक्कीको माग गर्दै हेटौंडास्थित प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रमा सम्पर्क गरेका थिए । प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीसहित अन्य सरकारी स्वास्थ्य संस्थामा पनि आइरन चक्कीको अभाव छ । तर आपूर्ति व्यवस्थापन केन्द्रमा महिनौंदेखि आइरन चक्की छैन । 'आइरन चक्की आपूर्ति गर्ने जिम्मेवारी संघ सरकारको हो,' केन्द्रका निर्देशक वसन्त अधिकारीले भने, 'संघ सरकारका निकायले गत वर्ष पनि आइरन चक्की उपलब्ध गराएनन्, त्यसैले प्रदेशका स्वास्थ्य संस्थामा आइरन चक्की छैन ।'

आइरन चक्की अभावमा मानिसको ज्यान तत्काले त जाँदैन, यो औषधि निजी स्वास्थ्य संस्थाबाट पनि किन्न पाइन्छ, तर सर्पदंशको औषधि तत्काल नपाए विषालु सर्पले डसेका बिरामीको मृत्यु हुन सक्छ । सर्पदंशको उपचारमा चाहिने एन्टिभेनम औषधि पसलमा किन्न पाइँदैन, धेरैजसो बिरामीले आफैं किनेर लगाउन पनि सक्दैनन् ।

देशभरका अधिकांश सर्पदंश उपचार केन्द्रका साथै सर्पदंशको उपचार हुने अस्पतालमा एन्टिभेनमको अभाव छ । 'एक महिनाभन्दा बढी भयो, हामीसँग सर्पदंशविरूद्धको प्रतिविषको एक मात्रा पनि छैन,' मधेश प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रका सूचना अधिकारी उज्ज्वल यादवले भने, 'प्रदेशका अस्पताल र सर्पदंश उपचार केन्द्रले एन्टिभेनम माग गर्दै दिनहुँ फोन गर्छन्, धनुषा र सिरहाका प्रमुख जिल्ला अधिकारीले समेत एन्टिभेनमका लागि सम्पर्क गर्नुभएको थियो ।'

यो वर्ष १ वैशाखदेखि हालसम्म सर्पदंशबाट कम्तीमा ६० जनाको मृत्यु भइसकेको छ भने ८ सय ६६ जना अस्पताल भर्ना भएका छन् ।

कोशी, लुम्बिनी, बागमती, कर्णाली प्रदेशका अस्पताल तथा सर्पदंश उपचार केन्द्रमा पनि सर्पदंशविरूद्धको औषधि सकिएको या केही मात्रै बाँकी रहेको सम्बन्धित स्वास्थ्य संस्थाले जनाएका छन् ।

समयमै स्वास्थ्य सामग्री खरिदमा ध्यान नदिँदा वीर अस्पतालका स्वास्थ्यकर्मीले बिरामीलाई नै पञ्जा र मास्क किनाउने गरेको समाचार यसअघि कान्तिपुरले प्रकाशन गरेको थियो ।

जनस्वास्थ्य विज्ञहरु पटक पटक देखिने औषधि तथा स्वास्थ्य सामग्री अभावले नेपालको स्वास्थ्य प्रणालीमै रहेको गम्भीर समस्यालाई उजागर गरेको बताउँछन्, जुन राम्रो संकेत नभएको उनीहरुको भनाइ छ । 'रोकथाम गर्न सकिने रोगबाट जनताको ज्यान जोगाउने उद्देश्यले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (अहिले स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय) स्थापना भएको हो,' जनस्वास्थ्य विज्ञ डा. बाबुराम मरासिनीले भने, 'तर अहिलेको प्रशासन समस्या लुकाउने र सबै ठीकठाक छ भन्ने सन्देश दिन बढी केन्द्रित देखिन्छ ।'

स्वास्थ्य मन्त्रालयको नेतृत्वले समस्या लुकाइरहे त्यसको ठूलो मूल्य देश र जनताले चुकाउनुपर्ने उनले बताए ।

विज्ञहरु सरकारी निकायले स्वास्थ्य सामग्री अभावलाई कम आँक्दै जाने र खरिद तथा वितरण प्रणालीका कमजोरी सम्बोधन नगर्ने हो भने वर्षौंको लगानीबाट जनस्वास्थ्य क्षेत्रमा देशले हासिल गरेका उपलब्धिसमेत गुम्ने जोखिम रहेको बताउँछन् । उनीहरुका अत्यावश्यक स्वास्थ्य सामग्रीको लामो समयसम्म अभाव हुँदा दीर्घकालीन असर पर्न सक्छ ।

रेबिजविरूद्धको खोप गतसाता मात्र आपूर्ति, वितरण हुन बाँकीउदाहरणका लागि, आइरन चक्कीको अभावले नेपालमा लामो समयदेखि कायम रक्तअल्पताको समस्या समाधान गर्ने प्रयासलाई कमजोर बनाउन सक्छ । किशोरी, गर्भवती तथा सुत्केरीमा रक्तअल्पता घटाउने उद्देश्यले सरकारले निःशुल्क आइरन चक्की वितरण गर्ने कार्यक्रम सञ्चालन गरेको हो ।

जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२ का अनुसार १५-४९ वर्ष उमेर समूहका करिब ३४ प्रतिशत महिला रक्तअल्पताबाट प्रभावित छन् । पहाडी क्षेत्रमा २० प्रतिशत र हिमाली क्षेत्रमा २३ प्रतिशत रहेको रक्तअल्पताको दर तराईमा ४५ प्रतिशत छ ।

मधेशमा सबैभन्दा धेरै ५२ प्रतिशत महिलामा रक्तअल्पता देखिएको छ । गर्भावस्थामा हुने रक्तअल्पताले भ्रुणको वृद्धि रोकिने, कम तौलको शिशु जन्मिने, समयअगावै प्रसूति हुने र शिशु मृत्युको जोखिम बढाउने गर्छ । यसबाट आमा र शिशुको संक्रमणविरूद्ध लड्ने क्षमता घट्छ र बालबालिकाको मानसिक तथा शारीरिक विकासमा असर पुग्न सक्छ ।

नेपालमा सन् १९९० को दशकमा चारमध्ये करिब तीन गर्भवती रक्तअल्पताबाट प्रभावित थिए । त्यसलाई कम गर्न सरकारले सन् २००३ मा आइरन चक्की वितरण कार्यक्रम सुरू गरेको थियो । जसअन्तर्गत चार महिनाको गर्भावस्थादेखि सुत्केरी भएको ४९ दिनसम्म दैनिक रुपमा आइरन चक्की निःशुल्क उपलब्ध गराइन्छ ।

१०-१९ वर्षका किशोरीलाई वर्षमा ३६ हप्तासम्म आइरन चक्की उपलब्ध गराइन्छ । स्वास्थ्य मन्त्रालयका अधिकारीले केन्द्रमा समयमै आइरन तथा फोलिक एसिड खरिद गर्न नसकेपछि प्रदेश र स्थानीय सरकारलाई आफैं खरिद गर्न निर्देशन दिइएको बताएका छन् ।

जनस्वास्थ्य विज्ञहरुका अनुसार आपूर्ति व्यवस्थापनको जिम्मेवारी तल्लो तहका सरकारलाई सार्दैमा न स्वास्थ्य समस्या समाधान हुन्छ न आपूर्ति प्रणालीमा देखिएको समस्या नै सम्बोधन हुन्छ ।

इकान्तिपुरका लागि पत्रकार अर्जुन पौडेलले लेख्नु भएको सामग्री आमसरोकार राख्ने भएकोले हामीले साभार गरेका हौं-स. ।



सरकारले खरिद प्रक्रिया अघि बढाउन नसक्दा पाउने छाड्यो सर्पदंशविरूद्धको औषधि

महिनौंदेखि आइरन चक्की नहुदा गर्भवती, सुत्केरी तथा किशोरीमा रक्तअल्पताको जोखिम

कोशी, लुम्बिनी, बागमती, कर्णाली प्रदेशका अस्पताल तथा सर्पदंश उपचार केन्द्रमा पनि सर्पदंशविरूद्धको औषधि सकिए

हार्दिक आभार

हामी गौरवमय १५ वर्षमा प्रवेश गरेको अवसरमा हाम्रा विज्ञापनदाताहरु, आमपाठकवर्गहरु, स्तम्भकारहरु, कानून सल्लाहकारहरु सम्पूर्ण शुभचिन्तक ज्यूहरुमा हार्दिक आभार व्यक्त गर्दछौ । यहाँको साथ समर्थन सदा प्राप्त हुने अपेक्षा राख्दै हामी यहाँहरुको सेवामा सधैं तत्पर रहने बाचा गर्दछौं ।

सहीखबर परिवार

सहीखबर

समाचार

२०८३ साउन २८ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०

बेचबिखन विरूद्ध एकीकृत कार्य परियोजनाको सामाजिक परिक्षण

○ सहीखबर संवाददाता

मकवानपुर । माइती नेपाल (चेलिबेटी बेचविखन रोकथाम गृह) मकवानपुरले आर्थिक वर्ष २०८२/०८३ मा ७९ वटा घरेलु हिंसाको मुद्दाहरू दर्ता भएकोमा ४६ वटा सवालमा मिलापत्र गरिएको । अन्य सवाल सम्बन्धित निकायमा रिफर गरिएको छ ।

संस्थाले गत आर्थिक वर्षमा सञ्चालन भएको कार्यक्रमको सामाजिक परिक्षणमा यस्तो तथ्याङ्क सार्वजनिक गरिएको हो ।

माइती नेपालद्वारा सञ्चालित मानव बेचबिखन विरूद्ध एकीकृत कार्य परियोजनाको सामाजिक परिक्षण गरिएको माइती नेपाल मकवानपुर प्रमुख माया तामाङले बताउनु भयो।

उक्त परियोजना अन्तरगत होटल तथा बारहरू अनुगमन, ओसारपसार विरूद्ध सचेतना, घरदैलो कार्यक्रम, जीवनपयोगी तालिम तथा व्यवसायमा सहयोग लगायतको क्रियाकलाप गरेको छ ।

घरेलु कामदारको लागी भारतको बाटो हुदै जानु भएको २ जना महिलाहरूलाई कुवेतबाट उद्धार गरी पारिवारिक पुनर्मिलन गराएको छ ।

आन्तरिक बेचविखनको जोखिममा पर्न सक्ने २७ जना नाबालिका र १ जना किशोरीको प्रहरी तथा सामुदायिक प्रहरीको समन्वयमा उद्धार गरी पारिवारिक पुनर्मिलन गराइएको थियो ।

यसैगरी प्रहरी हेटौंडा उपमहानगरपालिका अन्य संघ संस्थाद्वारा विभिन्न हिंसामा परेकाहरू मध्ये ३८ जना नाबालिका र १४ जना बालिकलाई गृहमा संरक्षमा राखी पारिवरिक पुनर्मिलन गराएको र २ जना बालिका गृहमा



रहेका छन् ।

१८ जना नबालिक र ८ जना बालिकहरूको खोज तलाशको निवेदन माइती नेपालमा दर्ता भएकोमा १० जना नबालिक र ३ जना बालिक फेला परेका संस्थाले जनाएको छ । रोकथाम गृहले २० जना नाबालिका र ९ जना बालिकहरूलाई जवरजस्ती करणी मुद्दामा न्यायको लागि सहयोग गरेको छ।

गृहमा ३ वटा बालविवाहको मुद्दा परेकोमा ३ जनालाई नै अलग गराएको जनाइएको छ । अर्को एक जनालाई सम्बन्धित निकाय रिफर गरिएको बताईएको थियो । एडभान्स सिलाई तालिम लिएका ९ जनाले नै सिलाई व्यवसाय संचालन गरिरहनु भएको छ ओ.सी.एम.सी.ले ४ जनालाई ७७ हजार बराबरको सिलाई सामग्रीहरू वितरण गरेका छन् ।

६० जनाले आधारभुत सिलाई तालिम र ८ जनाले ब्युटिपार्लर तालिम लिनु भएको छ ।

परियोजना अन्तरगत यो समयमा १ हजार ८० जनाले मानव बेचविखन तथा ओसारपसार विरूद्ध र सुरक्षित आप्रवसन समबन्धी जानकारी प्राप्त गरेका तामाङले बताउनुभयो ।

जवरजस्ती करणीबाट प्रभावित ५ जना नबालिकाहरूलाई हिरण्य नेपालमा रिफर गरिएको छ भने एक जना नबालिकालाई ग्रामिण असहाय सामुदायिक पुर्नस्थापना केन्द्र र एक जना महिलालाई प्रहरीको सहयोगमा मानव सेवा आश्रम रिफर गरिएको छ ।

२ जनाको स्वास्थ्य चेक जाँच तथा १२३ जनालाई मनोसामाजिक परामर्श गरिएको छ।

२९ जनालाई कानुनी परामर्श, ६ हजार ५७० जनालाई मानव बेचविखन तथा ओसार पसार विरूद्धको सुचना प्रवाह, २०० वटा घरधुरीमा घरदैलो गरिएको थियो।

लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियान अन्तरगत सामाजिक विकास मन्त्रालयले यस गृहमा रहेको २० जना प्रशिक्षार्थीहरूलाई न्यानो कपडा वितरण गरिएको थियो ।

बागमती प्रदेशको सामाजिक विकास मन्त्रालय अन्तरगत सामाजिक विकास कार्यालयले माइती नेपाललाई ७ ताख बराबर को सामग्री हस्तातरण गरेको थियो ।

चुनौती उस्तै

विभिन्न सचेतना कार्यकमको बाबजुद अझै पनि चुनौती रहेको छ ।

भारतको बाटो हुदै बेदेशिक रोजगारमा जाने क्रम बढ्दो रहेकोले बेचबिखन विरूद्धको अभियानमा चुनौती रहेको तामाङले बताउनुभयो ।

यसैगरी आफन्त वा चिनेजानेकै व्यक्तिबाट हुने हिंसा र शोषणका कारण बालबालिका तथा किशोरीहरू जोखिममा पर्ने अवस्था कायम रहेको, समुदायमा बालबिवाहको घटनाहरू अझै विद्यमान रहेकाले किशोरीहरूको शिक्षा तथा सीप विकासमा असर परेको उहाँले बताउनु भयो ।

यसैगरी सामाजिक सञ्जाल तथा अनलाइन माध्यमको दुरूपयोगका कारण बेचविखन तथा शोषणको जोखिम बढ्दै गएको उहाँले बताउनुभयो ।

सामाजिक परिक्षण कार्यक्रममा हेटौंडा उपमहानगरपालिका प्रमुख मिना लामा, वडा ४ का कार्यवाहक अध्यक्ष गिता त्रिपाठी, मानव अधिकार संरक्षाण तथा मानव बेचबिखन विरूद्धको जिल्ला सन्जाल अध्यक्ष आरती पाठक, गैसस मकवानपुर अध्यक्ष रमिला सापकोटा, सुरक्षाकर्मीहरुले सुझाव व्यक्त गर्नुभएको थियो ।

हेटौंडा क्वार्टरफाइनलबाट बाहिरियो



○ सहीखबर संवाददाता

मकवानपुर । छिमेकी मूलूक भारतको पाक्योङ जिल्लामा जारी ८० औं इन्डिपेन्डेन्स डे फुटबल प्रतियोगिता अन्तर्गत हेटौंडा फुटबल एकेडेमी पहिलो खेलबाटै बाहिरिएको छ ।

पाक्योङ स्पोर्टिङ क्लबको आयोजनामा तथा पाक्योङ जिल्ला प्रशासन केन्द्रको सहकार्यमा भएको खुल्ला नकआउट फुटबल प्रतियोगिता अन्तर्गत स्वत बाइ पाएको हेटौंडा फुटबल एकेडेमीको टोली घरेलुटोली पाक्योङ जिल्लाको फरेष्ट डिपार्टमेन्टको टिमसँग मङ्गलबार ३-१ गोल अन्तरले पराजित हुँदै आफ्नो पहिलो क्वार्टरफाइनल खेलबाटै बाहिरिएको हो ।

पहिलो हाफको खेलमा दुबै पक्षको कुनै पनि टिमबाट गोल हुन सकेको थिएनन् । दोस्रो हाफको खेल सुरू भएलगत्तै केहि समयमै हेटौंडा फुटबल एकेडेमीका खेलाडीले बललाई नियन्त्रणमा लिएर गोल गर्ने क्रममा विपक्ष टिम फरेष्ट डिपार्टमेन्टका खेलाडीद्वारा डि-बक्स एरियामित्र फाउन हुन पुगेको थियो ।

त्यसपछि हेटौंडा फुटबल एकेडेमीले पेनाल्टी हान्ने सुनौलो अवसर पाएपछि कृष्ण आले मगरले पेनाल्टी मार्फत गोल गर्दै सुरूवाती अग्रता दिलाएका हुन् ।

दोस्रो हाफको खेल चलिरहँदा ६ मिनटसम्म १-० गोललेपछि परेको फरेष्ट डिपार्टमेन्टको तर्फबाट फ्रि-किक प्रहार गरेपछि त्यस बललाई सदुपयोग गरेर फरेष्ट डिपार्टमेन्टको तर्फबाट दानियल लियाङले हेड मार्फत पहिलो गोल गरे । त्यसपछि १-१ गोलको बराबरीको स्थितिमा पुग्याएका थिए ।

फरेष्ट डिपार्टमेन्टकै तर्फबाट पुन दानियल लियाङले पुन दोस्रो व्यक्तिगत गोल गर्दै खेललाई ३-१ गोलको स्थितिमा पुर्याएर आफ्नो टिमलाई अग्रतामा पुग्याएका थिए । दोस्रो हाफको खेल सकिन ५ मिनेटको समय बाँकी रहँदा पुन फरेष्ट डिपार्टमेन्टको टिमको तर्फबाटै पुन गोल हुँदै खेलको नतीजा ३-१ गोलको स्थितिमा निक्लिएको हो ।

एसटी जेर्मिएस विद्यालय पाक्योङको खेलमैदानमा सञ्चालित प्रतियोगितामा २० वटा टिमहरूको सहभागिता रहेको छ । प्रतियोगिताको फाइनल खेल इन्डिपेन्डेन्स डे को दिन अगष्ट १५ मा हुने आयोजकले जानकारी दिएको छ ।

प्रतियोगिताको उपाधि विजेता टिमले ४ लाख रूपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्ने छन् । उपविजेता टिमले ३ लाख रूपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै विधागत उत्कृष्ट खेलाडीहरूका लागि पनि पुरस्कारको व्यवस्था गरिएको छ ।

कृषि उत्पादनमा आत्मनिर्भर बनौं

- आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादन वृद्धि गरौं,
- कृषकलाई आवश्यक मल, बीउ समयमै उपलब्ध गराऔं,
- स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन बजार संयन्त्रको विकास गरौं,
- कृषकलाई सीप, तालिम र सहुलियतपूर्ण ऋण उपलब्ध गराऔं, जमिनको संरक्षण गरौं, खेतीयोग्य भूमिको सदुपयोग गरौ.
- कृषि उत्पादन बढाऔं र कृषि उपजमा आत्मनिर्भर बनौं,
- नवीन प्रविधि र अवसर उपलब्ध गराई युवाहरूलाई कृषिमा आकर्षित गरौं ।

कृषि पेशा प्रति सम्मान र गौरव गरौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड